# लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजना, २०८२

बरहथवा नगरपालिका,
सर्लाही जिल्ला,
मधेश प्रदेश,
२०८२

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

विषय सूची

१ सारांश ४
२. परिचय ५
२.१ पृष्ठभूमि ५
२.२ हिंसा निवारणका लागि ५ वर्षे एकीकृत कार्यान्वयन योजनाको औचित्य ६
२.३ लैङ्गिक हिंसा निवारणका लागि ५ वर्षे एकीकृत कार्यान्वयन योजनाका नीतिगत तथा कानुनी आधारहरु ७
नेपालको संविधान, २०७२ ७
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ८
दिगो विकास लक्ष्य ५ ८
अन्तर्राष्ट्रिय प्रतिबद्धता ९
३. स्थिति विश्लेषण १०
३.१ वरहथवा नगरपालिकामा लैङ्गिक हिंसाको अवस्था १२
३.२ लैङ्गिक हिंसाका प्रकार तथा प्रवृत्ति १२
३.३ मूल कारण तथा जोखिम कारक १३
३.४ विद्यमान सेवा तथा प्रत्युत्तर संयन्त्र १४
३.५ विद्यमान सेवा तथा प्रत्युत्तर संयन्त्रका कमि कमजोरी तथा चुनौतीहरू १४
३.६ सरोकारवालाको नक्साङ्कन १४
४. सोच, लक्ष्य तथा सिद्धान्तहरू १५
४.१ सोच १५
४.२ लक्ष्य १६
४.३ सिद्धान्तहरू १६
५. रणनीतिक ढाँचा १७
५.१ रणनीतिक परिणामहरू (५ वर्ष) १७
५.२ प्रमुख रणनीतिक स्तम्भ र आधारहरू (Strategic Pillars) १९
५.२.१. सामाजिक तथा हानिकारक मुल्य तथा मान्यतामा परिवर्तन १९
५.२.२ पीडित—केन्द्रित, गोपनीय, तथा पहुँचयोग्य सेवामा जोड १९
५.२.३. संस्थागत क्षमतामा सुदृढीकरण १९
५.२.४. बहुपक्षीय सरोकारवालासँगको समन्वय तथा सहकार्यमा वृद्धि २०
५.२.५. तथ्याङ्क, सिकाइ तथा जवाफदेहितामा आधारित कार्यक्रम तथा निर्णय प्रक्रियामा जोड २०
६ लैङ्गिक हिंसा निवारणका लागि ५ वर्षे एकीकृत कार्यान्वयन योजना कार्य तालिका २०
७. वार्षिक चरणबद्ध योजना २४



वरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय वरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कड्वाल
नगर प्रमुख

Scanned with CamScanner

वर्ष १: आधार निर्माण तथा क्षमता अभिवृद्धि २४

वर्ष २—३ : विस्तार तथा सेवा सुदृढीकरण २४

वर्ष ४—५ : दिगोपन २५

८. संस्थागत व्यवस्था तथा भूमिकाहरू २५

९. आर्थिक स्रोत परिचालन र अनुमानित वजेट सारांश (५ वर्ष) ३०

१०. अनुगमन, मूल्याङ्कन, जवाफदेहिता तथा सिकाइ (MEAL) ३१

११. जोखिम विश्लेषण तथा न्यूनीकरण उपायहरू ३३

१२. सुरक्षा, लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण साथै नैतिक पक्षहरु ३६

१३. कार्यक्रमको दिगोपना र बहिर्गमनका रणनीतीहरुः ३७

१४. निष्कर्ष ३९


बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

## १. सारांश

वरहथवा नगरपालिकाले नीतिगत आधार सुदृढ गर्दै लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका क्षेत्रमा निरन्तर पहलहरू गर्दै आएको देखिन्छ । नगरपालिकाको यस लैङ्गिक हिंसा निवारणका लागि ५ वर्षे एकीकृत कार्यान्वयन योजनाको आवश्यकता महसुस पनि आफैमा एउटा उदाहरणीय कदमको रुपमा लिन सकिन्छ । स्थानीय सरकारले सवै नागरिकहरूलाई सुरक्षित र समावेशी वातावरणको प्रत्याभूति दिलाउन विशेष भूमिका निर्वाह गर्दछ । हिंसामुक्त वातावरण सुनिश्चित गर्नु केवल कानुनी दायित्व मात्र नभई सवल र समावेशी समुदायको आधार पनि हो । महिला, किशोरकिशोरी, दलित समुदाय, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरूको सुरक्षा र संरक्षणका विषयहरूले यस्ता दस्तावेजहरूको प्रभावकारी कार्यान्वयनमा भने वाधा पुऱ्याइरहेको पाइन्छ । उक्त समस्याको समाधानका लागि स्थानीय सरकार र सरोकारवालाहरूको साझा प्रयासमा कानुनको प्रभावकारी कार्यान्वयन, सुदृढ सेवा प्रवाह र विस्तार, रचनात्मक सामुदायिक अभियानवाट समुदायमा सुरक्षा र सुशासनको प्रत्याभूति गर्न सकिन्छ ।

यसै सन्दर्भमा, लैङ्गिक हिंसा निवारणका लागि ५ वर्षे एकीकृत कार्यान्वयन योजनाले वरहथवा नगरपालिकाको सवै १८ वटै वडाहरुमा लैङ्गिकतामा आधारित हिंसाको रोकथाम तथा प्रतिकार्यका लागि एकीकृत रूपरेखा स्थापना गर्ने लक्ष्य लिएको छ । यस योजनाले वलियो संस्थागत संरचना, सामुदायिक सशक्तीकरण तथा पीडितकेन्द्रित सेवाहरू सुनिश्चित गर्न जोड दिन्छ । यसको कार्यक्षेत्र स्थानीय यथार्थतालाई मध्यनजर गर्दै राष्ट्रिय ढाँचा अनुरूप कानुन कार्यान्वयन, शिक्षा तथा सचेतना वृद्धि, सामुदायिक परिचालन, सेवा प्रवाह र सीमान्तकृत समुदायको समावेशीकरण रहेका छन् । यस योजनाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण अधिकारी र आवश्यक प्रणालीको व्यवस्था, वडा तहमा कार्यान्वयन, तथा पारदर्शी वजेट विनियोजन मार्फत सुशासन र जवाफदेहितालाई प्राथमिकता दिएको छ । वालविवाह तथा दाइजो प्रथा अन्त्य गर्नका लागि अनिवार्य घटना दर्ता प्रणाली, शिक्षामा प्रवर्धन र दाइजो रहित विवाहको लागि प्रोत्साहनको व्यवस्था यस योजनामा प्रस्तावित गरिएका कृयाकलापहरू हुन् । पीडितकेन्द्रित सेवाहरूको सुदृढीकरणका लागि एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको पहुँचमा विस्तार, मनोसामाजिक तथा कानुनी सहयोग र सुरक्षित आवास गृहको व्यवस्था, हानिकारक सामाजिक मान्यताहरूलाई जनचेतना मार्फत परिवर्तन गर्न महिला स्वास्थ्य स्वयंसेविका, आमासमूह, विद्यालय तथा युवा क्लवहरूको परिचालन, दलित समुदाय, अपाङ्गता भएका

वरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय वरहथवा, सर्लाही मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई नगर योजना र सेवामा समावेश गर्ने साथै, प्रहरी, शिक्षक, सामुदायिक अगुवा, सरकारी निकाय तथा गैरसरकारी संस्थावीच क्षमता अभिवृद्धि र समन्वयलाई सुदृढ गरिने प्रस्तावित योजनाहरु रहेका छन् ।

पाँच वर्षको अवधिमा यस नगरपालिका भित्र वालविवाह तथा दाइजोसँग सम्वन्धित मुद्दाहरूमा मापनयोग्य रूपान्तरण, वडा तथा नगरस्तरीय पहुँचयोग्य संयन्त्रमार्फत लैङ्गिक हिंसाका घटनाहरूको उजुरी र समाधानमा वृद्धि, न्याय तथा स्वास्थ्य प्रणालीप्रति पीडितहरूको चेतनामा वृद्धि, महिला, युवा, अपाङ्गता भएका व्यक्ति तथा यौनिक तथा लैङ्गिक अल्पङ्ख्यक समुदायको शासन प्रक्रियामा सहभागिता वृद्धि, सबै वडाहरूमा सामुदायिक संरचनाको संस्थागत विकास तथा जवाफदेही संयन्त्र सहित नगरपालिकामा लैङ्गिक हिंसा रोकथामको लागि बजेट विनियोजन तथा योजनाहरूले निरन्तरता पाउने अपेक्षा गरिएको छ । यस लैङ्गिक हिंसा निवारणका लागि पाँचवर्षे एकीकृत कार्यान्वयन योजनाले वरहथवा नगरपालिकालाई लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यलाई दिगो, समावेशी र पीडितकेन्द्रित प्रणालीमा रूपान्तरण गर्ने दिशामा महत्वपूर्ण आधार प्रदान गर्दछ ।

# २. परिचय

## २.१ पृष्ठभूमि

"लैङ्गिक तथा सामाजिक समावेशीकरणको आवश्यकता, वरहथवा नगरपालिकाको प्राथमिकता" भन्ने मूल नाराका साथ वरहथवा नगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीतिमा ''स्थानीय सरकारवाट प्रदान गरिने स्वास्थ्य, शिक्षा, कृषि, रोजगार प्रवर्धन, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन जस्ता विकासका अवसरहरुमा गरीव, सीमान्तकृत तथा वञ्चित वर्ग र समुदायको सहभागिता सुनिश्चित गर्ने र विकासको लाभांशलाई समन्यायिक ढङ्गले वितरण गरी समतामूलक समाजको स्थापनामा गर्ने उद्देश्य लिएको छ । यसै सन्दर्भमा लैङ्गिकतामा आधारित हिंसा नियन्त्रण तथा न्याय सेवामा वञ्चितवर्गको पहुँच सुनिश्चित गर्ने र वालविवाह, लैङ्गिक हिंसा, दाइजो प्रथाजस्ता कुरीतिविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने नीति कार्यान्वयनमा नगरपालिकाको उच्च प्राथमिकतामा रहेका विषयवस्तुहरु हुन् । तथापि, अध्ययन तथा अनुसन्धानले लैङ्गिकतामा आधारित हिंसाका घटनामा अपेक्षित स्तरको सुधार अझै देखिन बाँकी रहेको संकेत गर्दछ ।

लैङ्गिक समानता, वालविवाह रोकथाम र सामाजिक समावेशीकरण सम्वन्धी राष्ट्रिय कानुन तथा सामाजिक समावेशीकरण नीति, २०७९ र लैङ्गिक समानता नीति, २०७९ जस्ता नगरपालिकास्तरीय नीतिहरू



वरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय वरहथवा, सर्लाही मधेश प्रदेश २०७३

कल्पना कुमारी कटुवाल नगर प्रमुख

Scanned with CamScanner

भए पनि अध्ययन, अवलोकन तथा सरोकारवालासँगको अन्तरक्रियाबाट लैङ्गिक हिंसा न्यूनीकरणका लागि भइरहेका प्रयासहरूलाई अझ सुदृढ र विस्तार गर्नुपर्ने आवश्यकता देखिएको छ । घरेलु हिंसा, दाइजो सम्बन्धी दुर्व्यवहार, बालविवाह तथा यौन हिंसा, विशेषगरी किशोरीहरू, दलित समुदाय, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायमा सामाजिक कलङ्क, डर र जानकारीको अभावका कारण औपचारिक सेवामा पहुँच पाउन सकिरहेका छैनन् । घटनाहरुको सामान्यीकरण,उजुरीमा कमी र समुदायस्तरमै मेलमिलाप गर्ने प्रवृत्तिले समग्र नगरपालिकालाई नै न्यायोचित र समावेशी समुदाय निर्माण गर्नमा चुनौती दिइरहेको पाइन्छ ।

टोल विकास संस्था, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा मेलमिलाप समिति जस्ता सामुदायिक संरचनाहरू स्थानीय शासन प्रणालीमा संस्थागत हुन सकेको खण्डमा समुदायका समस्या तथा आवश्यकताहरू र स्थानीय सरकारबाट प्राप्त सेवा तथा सुविधाहरुको अन्तरलाई न्यून गर्न सकिन्छ । इलाका प्रहरी कार्यालय र एकद्वार संकट व्यवस्थापन केन्द्रजस्ता सेवा प्रदायक संस्थाहरूको संरचनागत र संस्थागत सुदृढीकरण, मानवीय संसाधन, प्राविधिक दक्षता र आर्थिक स्रोतजस्ता क्षमतामा सवलिकरण, विद्यालयहरूमा बालसंरक्षण संयन्त्र र अपाङ्गतामैत्री पूर्वाधारको विकास, नगरपालिका बजेट तथा योजना प्रक्रियामा महिला, बालबालिका तथा सीमान्तकृत समूहहरूलाई समावेश, वडास्तरीय गाँउटोल, बस्तीवस्तीहरुबाट सङ्कलित योजना तथा कार्यक्रमहरुमै उनीहरुको मुद्धाहरु समावेश गराउन सकेमा बरहथवा नगरपालिकाले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यमा ठूलो फड्को मार्न सक्ने देखिन्छ ।

## २.२ लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाको औचित्य

राज्य, विकासका साझेदार संस्था तथा अन्य सेवा प्रदायक संस्थाहरूबाट भएका प्रयासहरूलाई एकीकृत गरी लक्षित समूह केन्द्रित, समावेशी तथा प्रभावकारी बनाउन यस लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । बरहथवा नगरपालिकामा महिला, किशोरीहरू तथा सीमान्तकृत समूहहरू (जात, वर्ग, उमेर, धर्म, भौगोलिक, लिङ्ग, क्षमता अनुसार) अझै पनि हिंसाको सिकार मात्र नभई नीतिगत रूपमा पनि न्यायोचित सेवा तथा सुविधाबाट वञ्चित भइरहेका छन् ।

राष्ट्रिय कानुन, नीति तथा कार्यक्रमका साथै नगरपालिकास्तरीय नीति तथा कार्यक्रमहरु हुँदाहुँदै पनि महिलाविरुद्ध घरेलु हिंसा, दाइजोसम्बन्धी हिंसा, बालविवाह तथा यौन शोषण विद्यमान छन् । यस



बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

दस्तावेजलाई Grassroot Community का समुदायहरूले सामना गरिरहेका समस्याहरू र उनीहरुको आवश्यकतालाई सम्वोधन गर्ने र स्थानीय सरकारको प्राविधिक, वित्तीय तथा मानव संसाधन क्षमतामा वृद्धि गर्दै शासन प्रणालीलाई संस्थागत , दिगो, उत्तरदायी, न्यायोचित तथा समुदाय केन्द्रित गर्ने उद्देश्यले तयार गरिएको हो ।

यस दस्तावेज मार्फत लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम प्रवर्द्धनका लागि अनुसन्धानमा आधारित नीति तथा कार्यक्रम निर्माण, वहुपक्षीय सरोकारवालासँगको संलग्नता तथा सञ्चार पद्धति, स्थानीय सरकारको प्रणाली सुदृढीकरण तथा समाजमा विद्यमान हानिकारक सामाजिक मान्यता र अभ्यासहरूलाई चिर्दै लैजान सामुदायिक अभियान र वकालतको पद्धति नगरपालिकाले अवलम्वन गर्नुपर्ने प्रमुख पद्धतिहरुको रुपमा अघि सारिएको छ ।

## २.३ लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाका नीतिगत तथा कानुनी आधारहरु

वरहथवा नगरपालिकामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि तयार गरिएको लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजना महिला, वालवालिका तथा सीमान्तकृत समूहहरूको अधिकार सुरक्षित गर्ने राष्ट्रिय, प्रादेशिक तथा अन्तर्राष्ट्रिय कानुनी र नीतिगत प्रतिवद्धतामा आधारित छ ।

### नेपालको संविधान, २०७२

नेपालको संविधानको धारा १८ मा लिङ्ग, जात, उमेर, धर्म, भूगोल, क्षमताको आधारमा सबै समान भनेर उल्लेख गरिएको छ । धारा ३८ मा महिलाका मौलिक हक तथा अधिकार र धारा ३९ मा वालवालिकाको हक तथा अधिकारका वारेमा उल्लेख छ । त्यस्तै, धारा ४२ मा आर्थिक, सामाजिक र शैक्षिक हिसावले पछाडि परेका दलित, जनजाति, मधेसी, थारु, मुस्लिम, अपाङ्गता भएका व्यक्तिहरू, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सामाजिक न्यायको सुनिश्चित गरिएको छ साथै, धारा ५० र ५१ मा राज्यका नीतिहरू मार्फत लैङ्गिक समानता प्रवर्धन गर्ने, लैङ्गिक हिंसा अन्त्य गर्ने र महिला सशक्तीकरणलाई प्राथमिकता दिने आशय व्यक्त गरिएको छ ।

वरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय वरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

यस ऐनले नगरपालिकालाई सामाजिक संरक्षण, न्याय तथा समावेशीकरणसँग सम्वन्धित स्थानीय नीति, कार्यक्रम तथा सेवा निर्माण र कार्यान्वयन गर्ने अधिकार दिन्छ । यस कानुनी अधिकारलाई आधार वनाई प्रस्तुत लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाले लैङ्गिक हिंसा रोकथामलाई स्थानीय शासन तथा योजनामा संस्थागत गर्न वल पुऱ्याउँछ ।

राष्ट्रिय महिला आयोगको तेस्रो रणनीतिक योजना, आर्थिक वर्ष २०७८/७९ – २०८२/८३

यस योजनामार्फत पाँच वर्षको अवधिमा महिलाका हक तथा अधिकारहरूलाई थप सुनिश्चित गर्ने, महिलामाथि हुने कुनै पनि प्रकारका हिंसा, भेदभाव वा दुर्व्यवहारलाई नियन्त्रण गर्ने, हिंसा तथा भेदभाव नियन्त्रण गर्ने प्रभावकारी संयन्त्र निर्माण गर्ने, समान अवसर र न्याय प्रवर्धन गर्ने संस्थागत ढाँचा र समुदायकेन्द्रित तथा उत्तरदायी शासन प्रणाली निर्माणमा जोड दिने जस्ता उद्देश्यमा पनि आधारित छ ।

**दिगो विकास लक्ष्य ५**

यस लक्ष्य अनुरुप सन् २०३० भित्र लैङ्गिक समानता हाँसिल गर्ने र सवै महिला तथा किशोरीलाई सशक्त बनाउने उद्देश्यले पनि यस लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनालाई मार्गनिर्देश गर्छ ।

**अन्तर्राष्ट्रिय प्रतिबद्धता** दिगो विकास लक्ष्य, महिला विरुद्ध सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी, वालवालिकाको अधिकार सम्वन्धी महासन्धि:-

नेपालमा महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धि (CEDAW), वालअधिकार महासन्धि (CRC) तथा संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नम्बर १३२५ (महिला, शान्ति तथा सुरक्षा) लगायतका प्रमुख अन्तर्राष्ट्रिय महासन्धीको सदस्य राष्ट्रको हैसियतले पनि भेदभावरहित समाज निर्माण गर्ने, वालवालिकालाई हानिकारक अभ्यासबाट जोगाउने तथा शान्ति र शासनमा महिलाको सहभागिता सुनिश्चित गर्ने दायित्व प्रदान गर्छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्ताव नम्बर १३२५ र प्रस्ताव नम्बर १८२०, जुन सन् २००० अक्टोवर ३१ ले नेपालको दोस्रो राष्ट्रिय कार्ययोजना (Second National Action Plan – NAP II) मार्फत शान्ति प्रक्रियामा लैङ्गिक दृष्टिकोणलाई मुख्यधारमा ल्याउने, महिलाको समान तथा पूर्ण सहभागिता प्रवर्धन गर्ने, निर्णय प्रक्रियामा महिलाको भूमिकालाई

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल नगर प्रमुख

Scanned with CamScanner

सुदृढ वनाउने र महिला तथा किशोरीको संरक्षण र सहभागिता सुनिश्चित गर्ने प्रभावकारी संयन्त्रहरू कार्यान्वयन गर्ने जस्ता विषयमा नेपाललाई सुझाव दिइएको थियो ।

वरहथवा नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९ र लैङ्गिक समानता नीति, २०७९ ले पनि यस लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाको नीतिगत आधार तय गर्दछ । यसका अलावा पनि अन्य समपूरक कानुनहरुले पनि यसको आधार सिर्जना गर्न मद्दत गर्छ । अपराध पीडित संरक्षण ऐन, २०१८ ले अपराध पीडितलाई न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ । अनुसन्धान, सोधपुछ, अभियोजन तथा वलात्कार, मानव वेचविखन, यौन उत्पीडन सम्वन्धी अदालतको कारवाहीको क्रममा गोपनीयताको अधिकार, सुनुवाइको क्रममा अलग कोठामा वस्ने अधिकार, सामाजिक पुनःस्थापना तथा कानुन अनुसार क्षतिपूर्ति सहित न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ र पीडितका अधिकार तथा हितहरूको संरक्षण गरिएको छ । घरेलु हिंसा कसुर र सजाय ऐन, २०६६ अनुसार पीडितले माग गरेमा उजुरी सम्वन्धी कारवाही तथा सुनुवाइ वन्द इजलासमा गर्न सकिने व्यवस्था गरिएको छ । अन्तिम निर्णय नभएसम्म पीडितलाई संरक्षणका लागि अन्तरिम सुरक्षा आदेश दिन सकिने व्यवस्था छ । सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ ले यौन तथा प्रजननसम्वन्धी शिक्षा, जानकारी तथा सेवा स्थापना गरेको छ । व्यक्तिगत गोपनीयता ऐन, २०७५ ले व्यक्तिको सार्वजनिक तथा निजी जीवन, लैङ्गिक पहिचान, यौनिकता, यौन सम्वन्ध जस्ता विषयलाई समेटेको छ । सार्वजनिक स्वास्थ्य ऐन, २०७५ ले संविधानले सुनिश्चित गरेका नियमित निःशुल्क स्वास्थ्य सेवाको कार्यान्वयनमा जोड दिएको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्तिहरूलाई सम्मानजनक जीवनयापन गर्न सक्ने वातावरण सुनिश्चित गर्ने, उनीहरूलाई सशक्त वनाउने तथा नीति निर्माण र विकास प्रक्रियामा सहभागिता दिलाउने व्यवस्था गरेको छ । कार्यस्थलमा हुने यौन उत्पीडन (निवारण) ऐन, २०६३ ले सुरक्षित तथा सम्मानजनक वातावरणमा काम गर्ने अधिकार सुनिश्चित गरेको छ । मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले यस्ता गतिविधिमा संलग्न दोषीलाई कडा सजाय दिने व्यवस्था गरेको छ । कानुनी सहायता ऐन, १९९७ अन्तर्गत कानुनी सहायता कोष स्थापना गरिएको छ ।

वरहथवा नगरपालिकाको कार्यालय नगर कार्यपालिकाको कार्यालय वरहथवा, सर्लाही मधेश प्रदेश २०७३

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

३. स्थिति विश्लेषण

कुल जनसंख्याको आधा हिस्सा ओगट्ने  महिलाहरु राज्यका संयन्त्र तथा विभिन्न निकायहरूमा औपचारिकतामा मात्र देखिनु विडम्बनाको विषय हो । मानव विकास प्रतिवेदन, २०२० अनुसार, लैङ्गिक असमानता सूचकाङ्क ०.४५२ मा रहेको छ भने लैङ्गिक सशक्तीकरण मापन (GEM) ०.६२ मा सीमित छ । विभिन्न कारण उनीहरु अझै पनि विकासका प्रयास र प्रतिफलहरूमा पर्याप्त समावेश हुन सकेका छैनन् । महिलाहरूले संविधान तथा अन्य कानुनले प्रदान गरेका सामाजिक तथा आर्थिक अधिकारहरू पूर्ण रूपमा उपयोग गर्न विभिन्न चुनौती अझै पनि विद्यमान छन्।  विद्यमान सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यताहरूका कारण महिलाहरु विभिन्न परिस्थितिमा भेदभावपूर्ण व्यवहार सहन वाध्य भएका छन् । शिक्षा तथा स्वास्थ्यमा पहुँचको अभाव, घरको परिधि भित्र मात्रको सीमितता तथा आर्थिक समस्या, असुरक्षित र जोखिमपूर्ण कार्यस्थल  वातावरण, विकृत सामाजिक मानसिकता, कुप्रथा, अन्धविश्वास तथा घरेलु हिंसाले महिलालाई सामाजिक रूपमा पछाडि पारेको छ । यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिहरुमा पनि लैङ्गिक हिंसाको प्रभाव देखिन्छ ।  सर्वेक्षण भई अपाङ्गता सहायता सामाग्रीमा पहुँच वृद्धि गर्ने नगरपालिकाको आ.व ८२/८३ को कार्यक्रम अन्तर्गत अपाङ्गतामैत्री पूर्वाधारको निर्माण र रंणनीतिक आवश्यकताहरु परिपूर्तिको कार्यक्रमहरु समावेश गर्नुपर्ने देखिन्छ । अपाङ्गता परिचयपत्र वितरण गर्नु र नगरपालिका तथा प्रहरी प्रशासनमा  अपाङ्गता भएका व्यक्तिहरुलाई रोजगार प्रदान गर्नु नगरपालिकाको सबल पक्ष हो । अब "ग" र "घ" श्रेणीका व्यक्तिहरूको भत्ता वितरण कार्यक्रमलाई व्यवसायिक तथा सीप आधारित तालिम र दिगो जीविकोपार्जनसँग जोड्दै लैजान सके सम्मानजनक जीवन सुनिश्चित गर्न मद्दत पुर्‍याउँछ । वडास्तरमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व सुनिश्चित गर्ने, स्वास्थ्य सेवामा प्राथमिकता दिने, सार्वजनिक यातायातमा आरक्षित सिट र ५०%भाडा छुटको कडाइका साथ कार्यान्वियन गर्ने र सरकारी रोजगारीको उमेर सीमा ५० वर्षसम्म बढाउने जस्ता आवश्यकतामा आधारित कार्यक्रमहरुलाई पनि जोड्न सकिन्छ ।यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई पनि सम्मानजनक आर्थिक क्रियाकलापसँग जोड्न सकेमा लैङ्गिक हिंसामा न्यूनिकरण गर्न सकिन्छ ।

बरहथवा नगरपालिकामा लैङ्गिक हिंसा सम्बन्धी केही सवालहरु छन् । हिंसामा परेका महिला तथा सीमान्तकृत समुदायले .प्रायः घटनाबारे खुलेर कुरा राख्न सक्दैनन् र सार्वजनिक भएका घटनाहरू पनि समुदाय, वडा, नगरपालिका वा प्रहरीमार्फत चरणबद्ध रूपमा समाधान गर्ने प्रयास हुन्छ ।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

आत्मविश्वासको कमी, गलत ठहरिने भय, कलङ्क, डर, धम्की, न्यायिक समितिबारे जानकारीको कमी र न्याय प्रणाली अप्रभावकारी ठान्ने धारणा जस्ता कारणहरुले लैङ्गिक हिंसाका घटनाहरुको उजुरीमा कमी रहेको अध्ययनले देखाउँछ । घरेलु हिंसा, शिक्षा तथा रोजगारीमा सीमितता, महिलामाथि चरित्र हत्या, सम्पत्ति विवाद, शारीरिक हिंसा कम रिपोर्ट हुन्छ भने मानसिक र आर्थिक हिंसा जस्ता घटनाहरू सामान्यीकृत छन् । एकद्वार सङ्कट व्यवस्थापन केन्द्रका अनुसार ३ वर्षदेखि ६५ वर्षसम्मका महिला तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका सदस्यहरू घरेलु हिंसा र यौन हिंसाका घटनाहरूबाट बढी प्रभावित छन् भने १२/१३ देखि १९/२० वर्षका किशोरीहरू विशेष जोखिममा देखिन्छन् । एकद्वार सङ्कट व्यवस्थापन केन्द्रमा घटनाहरू प्रायः प्रहरी मार्फत र केही प्रत्यक्ष पीडितको उपस्थितिबाट आउँछन् तर समुदायका सदस्य र स्वास्थ्यकर्मीहरूलाई एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको सेवाबारे पर्याप्त जानकारी नभएकाले उजुरी वास्तविक घटनाभन्दा कम हुने गरेको पाइन्छ ।

यौन हिंसाका घटनामा करिब ९० % मा सार्वजनिक धारणा "सुरुवातमा सहमति थियो" वा "पछिल्लो विवादपछि उजुरी गरियो" भन्ने हुन्छ जसले पीडितको विश्वसनीयतालाई कमजोर पार्छ । किशोरीहरूलाई भारतमा विवाह गरेर लैजाने र गर्भवती वा बच्चासहित फर्किने घटनाले लैङ्गिक हिंसामा सीमा पारको परिप्रेक्ष्य पनि देखाउँछ । लैङ्गिक हिंसा निवारण कोषलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तथा लैङ्गिक उत्तरदायी बजेटिङ लागू गर्ने, रेडियो कार्यक्रम र सामुदायिक सचेतना गतिविधिबाट एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सेवाबारे जनचेतना बढाउने, विवाह तथा जन्म दर्ता प्रणालीलाई कडाइका साथ लागू गर्ने, विशेष गरी किशोरी तथा सीमान्तकृत समुदायमा साक्षरता दर बढाउने, विद्यालयका विद्यार्थी कक्षा ७-१० लक्षित सचेतना कार्यक्रम सञ्चालन गरी भगाइ विवाह रोकथाम गर्ने, स्थानीय पाठ्यक्रम विकास गर्ने, घरेलु हिंसा र यौन हिंसाका घटनाहरू संवेदनशील र प्रभावकारी रूपमा समाधान गर्न प्रहरी र एकद्वार सङ्कट व्यवस्थापन केन्द्र बीच कानुनी मार्ग र समन्वय बलियो बनाउने जस्ता कार्यक्रमहरु नगरपालिकाको आ.व ०८२/०८३ अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक लगायत अन्य लक्षित वर्गहरु सम्बन्धी कार्यक्रमहरुमा विस्तार गर्नुपर्ने देखिन्छ ।

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

## ३.१ बरहथवा नगरपालिकामा लैङ्गिक हिंसाको अवस्था

बरहथवा नगरपालिकामा सीमान्तकृत समुदायको आवश्यकता सम्बोधन गर्दै सबैका लागि शान्ति र सुरक्षा स्थापना गर्ने स्थानीय सरकारको पहललाई लैङ्गिक हिंसाले चुनौती दिइरहेको पाइन्छ । दाइजो प्रथा र बाल विवाह तथा कम उमेरमा हुने विवाह सामाजिक मान्यताका आधारमा जरा गाडेर बसेका छन् । यसले महिला, किशोरकिशोरी, अपाङ्गता भएका व्यक्ति र सीमान्तकृत समूहलाई नकारात्मक रुपमा प्रभावित गर्दछ । घरेलु हिंसा, दाइजो सम्बन्धी दुर्व्यवहार, बालविवाह, यौन दुर्व्यवहार, बोक्सीको आरोप, बलात्कार, अपहरण, मानव बेचबिखन, जबरजस्ती गर्भपतनजस्ता घटनाहरु भएको पाइन्छ । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्म घरेलु हिंसाका उजुरीहरू करिब ३१ % ५२ % ले बढेको देखिन्छ । त्यसका साथै अनलाइन-साइबर हिंसा, लागू पदार्थ प्रयोगसँग सम्बन्धित यौन दुर्व्यवहार र बालबालिकामाथि हुने यौन उत्पीडनका घटनाहरु पनि बढ्दो क्रममा रहेको देखिन्छ । दलित, मधेसी, मुसहर र पासवान समुदायका महिला तथा किशोरीहरू साथै आर्थिक रूपमा कमजोर, यौनिक तथा लैंगिक अल्पसङ्ख्यक वा अपाङ्गता भएका व्यक्तिहरू मुख्यतः जोखिममा पर्ने समूहहरू हुन् । यस्ता प्रवृत्तीले स्थानीय सरकारलाई एकातिर कानुन र मानवअधिकार पालना गर्नुपर्ने जिम्मेवारी रहेको छ भने अर्कातिर समुदायको संस्कृतिलाई पनि संवेदनशील रूपमा सम्बोधन गर्नुपर्ने उत्तिकै चुनौती पनि रहेको छ ।

३.२ लैङ्गिक हिंसाका प्रकार तथा प्रवृत्ति : घरेलु हिंसा, मनोवैज्ञानिक दुर्व्यवहार, आर्थिक हिंसा, यौन हिंसा तथा दाइजो सम्बन्धी हत्या जस्ता घटनाहरु बरहथवा नगरपालिकामा देखिने प्रमुख महिला विरुद्ध हुने घटनाहरु हुन् । दलित, चमार तथा डोम समुदायमा विशेष गरी बाल विवाह, जबरजस्ती विवाह तथा भगाएर गरिएका विवाह प्रचलित छन् । दाइजो प्रथाले आधुनिकी चुनौती निम्त्याएको छ । परम्परागत उपहारबाट आजकल ठूलो रकम, सुन, मोटरसाइकल तथा कारको मागमा रूपान्तरण भएको छ । अभिभावकद्वारा गरिने जबर्जस्ती विवाहका घटनामा कमी भएता पनि सामाजिक सञ्जाल तथा अन्तर्जातीय सम्वन्धका कारण स्वयम् प्रेरित भएर वा भगाएर विवाह गर्ने प्रवृत्ति बढेको देखिन्छ ।

अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायमाथि पनि लैङ्गिक हिंसा हुने गरेको पाइन्छ तर बहिष्करण एवम् आफ्नो पहिचान खुल्ने डरका कारण आफ्नो आवाज दबाउन बाध्य पारिएका छन् ।

३.३ मूल कारण तथा जोखिम कारक



बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३

नगर प्रमुख

Scanned with CamScanner

लैङ्गिक हिंसा समुदायस्तरमा विद्यमान व्यवहार, सोच, शक्ति सम्बन्ध, पितृसत्तात्मक मान्यता, जातीय भेदभाव,गरिबी तथा दाइजो र बालविवाह जस्ता हानिकारक सामाजिक मान्यता र अभ्यासहरूमा आधारित छन् । आर्थिक अस्थिरताले गरिब परिवारमा छोरीलाई आर्थिक बोझको रूपमा हेर्ने दृष्टिकोणले दाइजो प्रथा तथा बालविवाह वा कम उमेरमा हुने विवाहलाई जन्मदेखि नै प्रोत्साहन गरेको पाईन्छ । छोरालाई निजी विद्यालयमा पठाउने र छोरीलाई सरकारी विद्यालयमा पठाउने जस्ता लैङ्गिक असमानतालाई बढावा दिन्छ । सामाजिक प्रतिष्ठा, भगाउने डर तथा युवा र अभिभावकबीचको अन्तर पिंढी संवादको कमी र विचारात्मक अन्तरले अझ जोखिम बढाएको पाईएको छ । दलित, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय जस्ता सीमान्तकृत समूहमा हिंसाको जोखिम पाइएको छ ।

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश
२०७३

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

### ३.४ विद्यमान सेवा तथा प्रत्युत्तर संयन्त्र

नगरपालिकाले कानुनी, स्वास्थ्य र मनोसामाजिक सेवा जस्ता सहयोग प्रणाली स्थापना गरेको भएता पनि त्यस्ता सेवा तथा सुविधाको पहुँचमा भने अझै अवरोधहरू कायम छन् । सामाजिक समावेशीकरण नीति, २०७९, लैङ्गिक समानता नीति, २०७९, बालअधिकार संरक्षणका लागि एकीकृत कार्यविधि, २०८१ र नगर युवा नीति,२०८१ जस्ता नीतिहरूले सङ्घीय, प्रादेशिक र स्थानीय तीन तहमा लैङ्गिक उत्तरदायी शासनलाई संस्थागत बनाउन लक्ष्य राखेका छन् । न्यायिक समितिमा आउँने विवाह तथा सम्पत्ति सम्बन्धी उजुरी, मध्यस्थता र कानुनी विवाद समाधान गर्न एकद्वार सङ्कट व्यवस्थापन केन्द्र र सुरक्षित आवास पीडितलाई स्वास्थ्य परीक्षण, अस्थायी आवास र कपडा उपलब्ध गराउने र लैङ्गिक हिंसा निवारण कोषः तत्काल उद्धार, उपचार र पुनःस्थापनापना जस्ता कार्यक्रमहरुले केही राहत भने पुऱ्याएको पाइन्छ ।

### ३.५ विद्यमान सेवा तथा प्रत्युत्तर संयन्त्रका कमीकमजोरी तथा चुनौतीहरू

बरहथवा नगरपालिकामा सामाजिक कलङ्क, डर तथा लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूमा आत्मविश्वासको कमीले लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरु कमै मात्रामा आधिकारिक सेवा प्रदायकहरु समक्ष पुग्ने गरेको पाइन्छ । यस्तैगरी समुदायस्तरमा रहेका न्यायिक अभ्यास जस्तै पञ्चायती बस्ने गर्दा पनि लैङ्गिक हिंसाका घटनाहरू कमै मात्रामा उजुरी हुने गरेको पाइएको छ । आर्थिक चलखेलले गर्दा कतिपय घटनाहरू त समुदाय स्तरमै रफादफा गर्ने गरिएको पनि पाइएको छ । यसले गर्दा महिलाहरूमा हुने हिंसा नीतिगत रूपमा मात्र ओझेलमा नपरी उनीहरूको न्यायमा पहुँचमा पनि अवरोध खडा हुने पाईएको छ । नगरपालिकाका नीतिहरुको कार्यान्वयनमा सुधार,महिला, बालबालिका तथा समावेशीकरणका मुद्दाहरुको लागि मानवीय तथा आर्थिक स्रोत साधनमा सबलिकरण, कानुनी उपचार प्रदानमा प्रभावकारिता ल्याउन सकेमा लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूहरुको सेवा तथा सुविधामा पहुँच वृद्धि गर्न सकिन्छ ।

### ३.६ सरोकारवालाको नक्साङ्कन

- परम्परागत मुखिया/नेताहरूः मुखिया तथा सामुदायिक अग्रज व्यक्तिहरू, पञ्चायतका विवाद समाधानमा सदस्यहरु, जो, समुदायस्तरमा अत्याधिक प्रभावशाली छन् र हानिकारक मूल्य मान्यता निराकरण गर्न महत्वपूर्ण भुमिका खेल्दछन् ।

नगर कार्यपालिकाको कार्यालय बरहथवा नगरपालिका बरहथवा, सर्लाही मधेश प्रदेश



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

- सीमान्तकृत समूहहरूः दलित, चमार, डोम समुदाय, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, जोबाट बढी प्रभावित हुनुका साथै उनीहरूको आवाज औपचारिक निर्णय प्रक्रिया र नीतिगत तहबाट प्रायः बहिष्कृत हुनसक्ने देखिएको छ ।
- सामुदायिक संरचनाः टोल विकास संस्था, आमा समूह, युवा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु तथा स्थानीय मेलमिलाप समिति, जसले, स्थानीय तहमा सेवा तथा सहयोग प्रदान गर्ने र घटनाहरु पहिचान गर्न र उजुरी गर्नमा महत्वपूर्ण भुमिका खेल्छन् । तर, उनीहरुको सीमित पहुँच तथा प्रभावकारिता हुन्छ ।
- सरकारी संस्थाः नगरपालिकाको कार्यालय, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तथा प्रहरी चौकी औपचारिक रूपमा जिम्मेवार हुन्छन् तर कमजोर कार्यान्वयन, आर्थिक तथा मानव संसाधनमा कमीले गर्दा प्रभावकारी सेवा प्रदान गर्न नसकेको अवस्था विद्यमान छ ।
- स्वास्थ्य तथा सङ्कट सेवाः एकद्वार सङ्कट व्यवस्थापन केन्द्रले स्वास्थ्य तथा मनोसामाजिक सहयोग प्रदान गर्छ । तर, यसको सेवाबारे समुदायमा जानकारी र जनचेतना कमी छ ।
- शैक्षिक संस्थाः विद्यालयले जनचेतना गतिविधि सञ्चालनमा महत्वपूर्ण भूमिका खेल्दछन् ।
- नागरिक समाज तथा विकासका साझेदारहरूः जनचेतना अभियान सञ्चालन गर्नुका साथै स्थानीय सरकारलाई प्रभावकारी सेवा तथा अभियानको लागि प्राविधिक सहयोग गर्ने, नीतिहरुमा आवश्यक परिमार्जनको लागि पहल गर्न र समावेशीकरणका लागि वकालत गर्छन् ।

## ४. सोच, लक्ष्य तथा सिद्धान्तहरू

### ४.१ सोच

लैङ्गिक हिंसा निवारणका लागि विस्तृत कार्यान्वयन योजनाको मुख्य सोच भनेको महिला तथा अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, दलित, मुस्लिम, मधेशी, युवा तथा सिमान्तकृत समुदायको हिंसा, भेदभाव तथा हानिकारक अभ्यासबाट मुक्त समाजमा बाँच्न पाउँनुपर्ने अधिकारको सुनिश्चित गर्दै उक्त समुदायहरूले लैङ्गिक हिंसा सम्बन्धी सामना गरिरहेका समस्याहरू र आवश्यकतालाई सम्बोधन गर्न बरहथवा नगरपालिकाको सेवा प्रवाह, लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य क्षमता सुदृढ गर्न प्राविधिक, वित्तीय तथा मानव संसाधन क्षमतामा वृद्धि गर्दै शासन प्रणालीलाई समावेशी, संस्थागत, दिगो, उत्तरदायी, न्यायोचित तथा समुदाय केन्द्रित बनाउनु हो ।

४.२ लक्ष्य

बरहथवा नगरपालिकामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि तयार गरिएको लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाका लक्ष्यहरू समन्वयात्मक कार्यमार्फत प्रणालीगत परिवर्तन सिर्जना गर्नेमा केन्द्रित रहेको छ । बालविवाह तथा दाइजो सम्बन्धी हिंसाको प्रचलन घटाउन स्थानीय सरकारको सेवा प्रदायक प्रणालीमा सुधार ल्याउनु । अनुसन्धान तथ्य तथा तथ्याङ्कमा आधारित नीति तथा कार्यक्रम निर्माण प्रक्रिया कार्यान्वयन गर्नु ।

बहुपक्षीय सरोकारवालासँगको संलग्नतालाई प्राथमिकता दिँदै मनोसामाजिक परामर्श, सुरक्षित आवास, स्वास्थ्य सेवा तथा न्याय प्रणालीमा सजिलै पहुँच जस्ता पीडितकेन्द्रित सेवाहरू विस्तार गर्नु । शिक्षा तथा स्वास्थ्य क्षेत्रको सहकार्यमा समाजमा विद्यमान हानिकारक सामाजिक मान्यता र अभ्यासहरूलाई रूपान्तरण गर्दै सामुदायिक अभियान र वकालत विस्तार गर्नु । सामुदायिक संरचना, जस्तै—आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवक, स्थानीय न्यायिक समिति, युवा क्लबलाई जनचेतना तथा रोकथाम प्रयासमा नेतृत्व लिन र समुदाय स्तरमा हानिकारक मान्यतालाई चुनौती दिन सशक्त बनाउनु ।

समावेशीकरणमा विशेष जोड दिँदै दलित, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई नगरपालिकाका योजना, बजेटिङ, तथा निर्णय प्रक्रियामा सार्थक रूपमा प्रतिनिधित्व गराउनु ।

४.३ सिद्धान्तहरू

लैङ्गिक हिंसा निवारणका लागि विस्तृत कार्यान्वयन योजनालाई समावेशी, नैतिक तथा प्रभावकारी बनाउनका लागि उल्लेखित सिद्धान्तहरू अवलम्बन गरिएको छ ।

मानव अधिकारमा आधारित दृष्टिकोणः मानव अधिकार सम्बन्धी दस्तावेजहरुमा प्रस्ट रुपमा हिंसामुक्त वातावरणमा स्वतन्त्र भएर बाँच्न पाउनु मौलिक मानव अधिकार हो भनेर उल्लेख गरिएको छ । यसै मान्यतामा आधारित यस योजनाले लैङ्गिकता, जात, जातीयता, उमेर, धर्म, अपाङ्गता वा यौनिक पहिचान जे भए पनि सबै व्यक्तिलाई संरक्षण, न्याय, तथा सशक्तीकरणका अवसरमा समान पहुँच सुनिश्चित गर्दै समानता तथा भेदभावरहित समाज निर्माणलाई प्राथमिकता दिनेछ ।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण तथा Intersectionality लैङ्गिक समानता, अपाङ्गता, तथा सामाजिक समावेशीकरण (GEDSI) दृष्टिकोणको यसको प्रमुख आधार हो । विभिन्न पहिचानहरूको अन्तरसम्बन्धले व्यक्तिको अवसरहरू तथा स्रोतको पहुँचमा प्रभाव पार्ने कुरालाई मध्यनजर गर्दै दलित, अपाङ्गता भएका व्यक्तिहरू, किशोरकिशोरी तथा लैङ्गिक तथा यौनिक पहिचानका आधारहरुलाई पनि सेवा प्रदान प्रणालीमा समावेश गर्न जोड दिन्छ ।

लैङ्गिक हिंसाबाट प्रभावित व्यक्तिहरूमा केन्द्रित दृष्टिकोणः यस योजनाले विरुद्धका पहलहरुमा पीडितको आवश्यकतालाई केन्द्रमा राख्दछ । उनीहरूको आवाज तथा आवश्यकता अनुसार प्रत्युत्तर प्रणाली तथा मनोसामाजिक, स्वास्थ्य, तथा कानुनी सेवाहरूलाई गोपनीय, पहुँचयोग्य तथा सम्मानजनक रुपमा निर्माण गर्न जोड गर्नेछ ।

हानी नगर्ने तथा सुरक्षा सुनिश्चित गर्ने दृष्टिकोणः कलङ्क, भेदभाव वा उजुरी सम्बन्धी असुरक्षित अभ्यासलाई निरुत्साहित गर्न बालबालिका, किशोरकिशोरी तथा सीमान्तकृत समूहलाई शोषण, दुर्व्यवहारबाट जोगाउन सेवा लिने क्रममा हानी नगर्ने तथा सुरक्षा सुनिश्चित गर्ने दृष्टिकोण अवलम्बन गर्न जोड दिईनेछ ।

जवाफदेहिता तथा पारदर्शिताः लैङ्गिक हिंसा निवारणका लागि विस्तृत कार्यान्वयन योजनाले नगरपालिका, वडा, तथा समुदायस्तरमा स्पष्ट भूमिका, जिम्मेवारी तथा अनुगमन संयन्त्र स्थापना गरेर जवाफदेहिता सुदृढ गर्नेछ । बजेटिङ, स्रोत वितरण, तथा निर्णय प्रक्रियामा पारदर्शितालाई प्राथमिकता दिइनेछ । नियमित प्रतिवेदन तथा सहभागी समीक्षाको मार्फत पारदर्शिता कायम गरिनेछ ।

## ५. रणनीतिक ढाँचा

### ५.१ रणनीतिक परिणामहरू (५ वर्ष)

पाँच वर्षको अवधिमा यस लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाले शासन प्रणाली, सामुदायिक संरचना तथा सेवा तथा सहयोग प्रणालीमा रूपान्तरणकारी परिवर्तन ल्याउने अपेक्षा राखिएको छ ।

- समाजमा विद्यमान हानिकारक सामाजिक मान्यता तथा अभ्यासहरूलाई रूपान्तरण गर्न सामाजिक अभियान मार्फत बालविवाह तथा कम उमेरमा हुने विवाह तथा दाइजोसम्बन्धी हिंसामा मापनयोग्य कमी आउनेछ ।



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

...नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनरहथवा, सर्लाही, मधेश प्रदेश २०७३

Scanned with CamScanner

- आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवक, विद्यालय तथा युवा क्लबजस्ता सामुदायिक संरचनाहरु सबै १८ वडामा सुदृढ तथा संस्थागत गर्दै हिंसाका घटनाहरुलाई उजागर गर्ने र आधिकारिक स्रोतमार्फत समाधान गराई न्यायमा पहुँच भएको हुनेछ ।

- मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा, सुरक्षित आवास तथा कानुनी सहयोग जस्ता सेवा तथा सहयोगहरु गोपनीय, पीडितकेन्द्रित र पहुँचयोग्य भएको हुनेछ ।

- स्थानीय् सरकारको सेवा प्रवाहमा प्रणालीगत सुधार आएको हुनेछ ।

- बहुपक्षीय सरोकारवालासँगको संलग्नतालाई प्राथमिकता सुनिश्चित गर्दै लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका कार्यक्रमहरु दलित, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय लक्षित हुनेछन् ।

यी परिणामहरूले बरहथवा नगरपालिकालाई मधेश प्रदेशको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमहरु समावेशी, जवाफदेही तथा दिगो समाधानका नमुनाका रुपमा स्थापित गर्नेछन ।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

## ५.२ प्रमुख रणनीतिक स्तम्भ र आधारहरू (Strategic Pillar)

### ५.२.१. सामाजिक तथा हानिकरक मूल्य तथा मान्यतामा परिवर्तन

लैङ्गिक हिंसा, बालविवाह, दाइजो सम्बन्धी समुदायमा विद्यमान हानिकारक सामाजिक मूल्य र मान्यता तथा अभ्यासहरुलाइ चिर्दै ज्ञान व्यवहार र दृष्टिकोणमा रूपान्तरण गर्न सकेमा मात्र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य अभियान प्रभावकारी हुनसक्छ । दाइजोमुक्त विवाह तथा २० वर्षपछि विवाहलाई प्रोत्साहन गर्ने अभियानले पनि महत्वपूर्ण भूमिका खेल्दछ । विद्यालय, आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेवक, न्यायिक समिति, युवा क्लबको परिचालन गरी  जनचेतना अभियान, विद्यालयमा आधारित शिक्षा तथा अभिभावक, संरक्षक, तथा परम्परागत मुखियाहरूलाई संलग्न गराएर अन्तरपिँढी संवाद र अन्तरक्रिया गराउन सकेमा लैङ्गिक हिंसा सम्बन्धी रहेका निषेधित विषयहरू (Social Taboos) घटाई  लैङ्गिक समानता प्रवर्धन गर्न सकिन्छ ।

### ५.२.२ पीडितकेन्द्रित, गोपनीय, तथा पहुँचयोग्य सेवामा जोड

एकद्वार सङ्कट व्यवस्थापन केन्द्रको कार्य दक्षता, मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा, सुरक्षित आवास सुविधा विस्तार गर्ने, कानुनी सहयोग तथा रेफरल प्रणाली सुधार गर्नका लागि साथै किशोरकिशोरी, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका लागि अनुकूलित सेवा तथा सुविधामा पनि जोड दिन जरुरी छ । विद्यालय, रेडियो कार्यक्रम तथा सामुदायिक पहुँच मार्फत उपलब्ध सेवा तथा सुविधाबारे जनचेतना बढाउन पनि जरुरी हुन्छ ।

### ५.२.३. संस्थागत क्षमतामा सुदृढीकरण

पर्याप्त मात्रामा वित्तीय, मानवीय र प्राविधिक क्षमता वृद्धि गराई नगरपालिका, वडा कार्यालय, प्रहरी, विद्यालय तथा सामुदायिक संरचनाको क्षमता विकास पनि महत्वपूर्ण देखिन्छ । लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण केन्द्रित प्रणाली स्थापना तथा सुधार गर्दै प्रहरी, शिक्षक, स्वास्थ्यकर्मी तथा सामुदायिक अगुवाहरूलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण संवेदनशील दृष्टिकोणमा तालिम दिनु पर्दछ । पारदर्शी बजेटिङ, प्रभावकारी अनुगमन, तथा विकास योजनामा लैङ्गिक हिंसा रोकथाम कार्यक्रम तथा प्रतिकार्यलाई समायोजन गर्ने जस्ता संस्थागत सुधारले दीर्घकालीन जवाफदेहिता तथा दिगोपन सुनिश्चित गर्दछ ।

नगर प्रमुख



Scanned with CamScanner

### ५.२.४. बहुपक्षीय सरोकारवालासँगको समन्वय तथा सहकार्यमा वृद्धि

लैङ्गिक हिंसा रोकथाम कार्यक्रम तथा प्रत्युत्तरका लागि सरकार, विकासका साझेदार संस्थाहरु, समुदाय तथा सेवा प्रदायकबीच बलियो समन्वय आवश्यक देखिन्छ । वडा, नगरपालिका तथा जिल्ला स्तरमा स्पष्ट रेफरल प्रणाली स्थापना गर्दै लैङ्गिक हिंसा रोकथाम कार्यक्रम तथा प्रत्युत्तरका कार्यक्रमलाई समपूरक बनाउन र सामूहिक प्रभाव बढाउन सकिन्छ ।

### ५.२.५. तथ्याङ्क, सिकाइ तथा जवाफदेहितामा आधारित कार्यक्रम तथा निर्णय प्रक्रियामा जोड

नगरपालिका प्रणालीलाई सुदृढ गर्न लैङ्गिक हिंसा रोकथाम तथा प्रत्युत्तरलाई प्रमाणमा आधारित तथा जवाफदेही बनाउन जरुरी देखिन्छ । लैङ्गिक हिंसा, बालविवाह तथा दाइजो प्रथाबारे एकीकृत तथ्याङ्क सङ्कलन, Municipal Data Profiling विश्लेषण तथा प्रतिवेदन गर्दै नियमित अनुगमन, सहभागीमुलक समीक्षा तथा अनुभवमा आधारित सिकाइलाई रणनीतिमा समायोजन गर्न सकेमा बजेटिङ तथा प्रतिवेदनमा पारदर्शिता वढाउन सकिन्छ । उत्कृष्ट अभ्यासको दस्तावेजीकरण गर्दै अन्य नगरपालिकाका लागि नमुनाको रुपमा पनि पुनः प्रयोग गर्न मिल्छ ।

## ६ लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजना कार्य तालिका

बरहथवा नगरपालिका, सर्लाहीमा लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजना ( वि. सं २०८२-२०८६ - ई.सं २०२६–२०३०) तयार पारिएको छ । यो तालिका पहिचान गरिएका रणनीतिक स्तम्भहरूमा आधारित छ ।

| रणनीतिक स्तम्भ/ आधार (Strategic Pillar) | प्रमुख कार्यहरू | नेतृत्व गर्ने निकाय | सहयोग गर्ने निकाय | समयरेखा | अपेक्षित परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|
| सामाजिक तथा हानिकरक मूल्य तथा मान्यतामा परिवर्तन | लैङ्गिक हिंसा, लैङ्गिक समानता, बालविवाह, तथा दाइजोबारे सामुदायिक जनचेतना अभियान सञ्चालन; दाइजोमुक्त विवाहका लागि | नगरपालिका (महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक शाखा), विद्यालय | विकासका साझेदार संस्थाहरु, महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरू | वर्ष १–५ | जनचेतना वृद्धि, बालविवाह तथा दाइजो अभ्यासमा कमी | |



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रोत्साहन; विद्यालय पाठ्यक्रममा लैङ्गिक हिंसा, लैङ्गिक समानता, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण , यौनिक तथा लैङ्गिक अल्पसंख्यक विषय समावेश | | आमा समूह, न्यायिक समिति युवा क्लब | | | |
| पीडित-केन्द्रित, गोपनीय तथा पहुँचयोग्य सेवामा जोड | गुणस्तरीय GBV प्रत्युत्तर सेवा तथा न्याय प्रणालीमा पहुँच, OCMC सेवाहरू (स्वास्थ्य, मनोसामाजिक, सुरक्षित आवास) सुदृढ गर्ने; पीडितमैत्री उजुरी संयन्त्र विस्तार र सुधार गर्ने | एकद्वार सङ्कट व्यवस्थापन केन्द्र नगरपालिका स्वास्थ्य शाखा, नगर अस्पता प्रहरी, | प्रहरी,NGO | वर्ष १-५ | पीडितले समयमै, गोपनीय तथा सहयोग पाउने | |
| | वडास्तरमा लैङ्गिक हिंसा focal point तथा हेल्पलाइन स्थापना गर्ने | नगरपालिका, वडा कार्यालय, | महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरू आमा समूह, युवा क्लब | वर्ष २–४ | लैङ्गिक हिंसा घटनाको उजुरी, न्याय प्रणालीमा पहुँच, तथा लैङ्गिक हिंसा समाधानमा वृद्धि | |
| संस्थागत क्षमतामा सुदृढीकरण | नगरपालिका तथा वडा स्तरमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण Focal person नियुक्त गर्ने र लैङ्गिक हिंसा | नगरपालिका | प्रदेश सरकार | वर्ष १ | लैङ्गिक हिंसाप्रति संस्थागत लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यमा सुधार | |



नगर प्रमुख

धरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय धरहथवा, सर्लाही मधेश प्रदेश २०७३

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी जिम्मेवारी पनि विद्यमान जिम्मेवारीसँग समायोजन गर्नु | | | | | |
| | प्रहरी,शिक्षक, स्वास्थ्यकर्मी, तथा सामुदायिक नेताहरूलाई survivor केन्द्रित, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण र लैङ्गिक हिंसा संवेदनशील दृष्टिकोणमा तालिम दिने | नगरपालिका प्रहरी प्रशासन | प्रदेश सरकार | वर्ष १-५ | लैङ्गिक हिंसा प्रति संस्थागत दृष्टिकोण सुधार | |
| अपेक्षित सरोकारवालासँगको समन्वय तथा सहकार्यमा वृद्धि | समुदाय, वडा, नगरपालिका, तथा जिल्ला स्तरबीच स्पष्ट सेवा तथा रेफरल मार्ग स्थापना अथवा सुधार गर्ने | नगरपालिका, वडा समिति, | NGO, प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र | वर्ष १-२ | सेवा प्रवाहमा सुधार | |
| | समन्वय समिति तथा विकासका साझेदारहरूसँग समन्वय तथा सहकार्य सुदृढ गर्ने | नगरपालिका | ▯▯▯/▯▯▯▯, नागरिक समाज | वर्ष २-५ | सामूहिक र एकीकृत प्रभाव सवलीकरण | |
| तथ्यांक, सिकाइ, तथा जवाफदेहितामा आधारित कार्यक्रम तथा निर्णय प्रक्रियामा जोड लैङ्गिकता, जात, अपाङ्गता, उमेर, धर्म, अनुसार एकीकृत तथ्यांकसहित नगरपालिका profile/database विकास गर्ने | नगरपालिका (योजना शाखा), NGO/INGO, वडा कार्यालय | नगरपालिका (योजना शाखा) | NGO/INGO, वडा कार्यालय | वर्ष १-५ | प्रमाण-आधारित योजना तथा अनुगमन प्रणालीको विकास | |

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सहभागीमूलक अनुगमनका उपकरण (सार्वजनिक सुनुवाइ) को अभ्यास गर्ने | नगरपालिका, वडा समिति, | नागरिक समाज, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू, न्यायिक समिति | वर्ष २-५ | पारदर्शिता तथा सामुदायिक विश्वासमा अभिवृद्धि | |
| | अनुभव, सिकाइ र वार्षिक समीक्षा कार्यशाला सञ्चालन गर्ने . | नगरपालिका | NGO/INGO, विद्यालय, सामुदायिक समूह | वर्ष १-५ | सान्दर्भिक, समय सापेक्ष तथा अनुकूल कार्यक्रम तथा सेवा प्रवाहमा टेवा | |

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

### ७. वार्षिक चरणबद्ध योजना

#### वर्ष १ः आधार निर्माण तथा क्षमता अभिवृद्धि

नगरपालिका तथा वडा स्तरमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण सम्पर्क अधिकारी तथा लैङ्गिक हिंसा निवारण समितिको प्रभावकारितालाई विस्तार गर्ने ।

• लैङ्गिक हिंसा प्रचलन, वालविवाह तथा दाइजो अभ्यासबारे तथ्यांक सङ्कलन गर्ने ।

• विद्यालय, आमाहरूको समूह, युवा क्लव तथा परम्परागत अगुवा नेताहरूलाई लक्षित जनचेतना अभियान सुरु गर्ने ।

• प्रहरी, शिक्षक, स्वास्थ्यकर्मी तथा वडा अधिकारीलाई लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण, विकासका साझेदार संस्था, लैङ्गिक हिंसावाट प्रभावित—संवेदनशील लैङ्गिक उत्तरदायी शासन प्रणाली दृष्टिकोणमा तालिम दिने ।

• विवाह तथा जन्म दर्ता प्रणाली सुदृढ गर्दै कानुनी उमेर सुनिश्चित गर्ने र कडाइका साथ लागू गर्ने।

• नगरपालिकाको **Profile Building** सुरु गर्ने (एकीकृत तथ्यांक सङ्कलनका लागि)

#### वर्ष २-३ः विस्तार तथा सेवा सुदृढीकरण

• एकद्वार संकट व्यवस्थापन केन्द्र दक्षता, सुरक्षित आवास, मनोसामाजिक परामर्श तथा कानुनी सहयोगसहित लैङ्गिक हिंसावाट प्रभावित केन्द्रित सेवाहरू विस्तार गर्ने ।

• वडा स्तरमा उजुरी संयन्त्र तथा हेल्पलाइन स्थापना गर्ने ।

• विद्यालय आधारित कार्यक्रम विस्तार गर्दै लैङ्गिक समानता प्रवर्द्धन गर्ने तथा बालविवाह रोक्ने र पाठ्यक्रम सुधार गर्ने ।

• महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, न्यायिक समिति, सामुदायिक संरचना सवै १८ वडामा संस्थागत गर्ने ।

• वडा कार्यालय, प्रहरी, स्वास्थ्य संस्था, तथा न्यायिक समिति वीच **referral mechanism** सुदृढ गर्ने।

• विकासका साझेदार संस्था तथा प्रादेशिक निकायसँग साझेदारी एकीकृत गर्ने ।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सलाही मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

• मध्यावधि मूल्याङ्कन गरी प्रगति मूल्याङ्कन गर्ने र अनुभव र सिकाइका आधारमा रणनीति परिमार्जन गर्ने।

**वर्ष ४-५ : दिगोपन**

- नगरपालिका शासन प्रणाली तथा वार्षिक बजेटमा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यलाई संस्थागत गर्ने ।
- विकास साझेदारबाट गरिएका कार्यक्रम र प्राविधिक विशेषज्ञता नगरपालिकाको क्षमतासँग समायोजन गर्ने तथा वडामा हस्तान्तरण गर्ने ।
- सबै नगरपालिकां नीति तथा कार्यक्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय सुरक्षा, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण तथा बाल संरक्षण मापदण्ड अनुसार एकीकृत गर्ने ।
- सहभागितामूलक अनुगमनमार्फत जवाफदेहिता सुदृढ गर्ने ।

## ८. संस्थागत व्यवस्था तथा भूमिकाहरू

लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिका, वडा तथा समुदायस्तरमा संस्थागत जिम्मेवारी स्पष्ट रूपमा परिभाषित गरिनुपर्छ । प्रत्येक संस्थाले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यमा फरक तर पूरक भूमिका खेल्छन् ।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

| क्र.स. | संस्थागत व्यवस्था | भूमिकाहरू |
|---|---|---|
| | प्रमुख प्रशासकीय अधिकृत | लैङ्गिक हिंसा रोकथाम तथा प्रत्युत्तरमा समग्र नेतृत्व तथा जवाफदेहिता लिने, नीति निर्माण, बजेट विनियोजन, तथा नगरपालिका विकास योजनामा लैङ्गिक हिंसा प्राथमिकता एकीकृत गर्ने, विभाग/शाखा बीच समन्वय सुनिश्चित गर्ने, वडा स्तर कार्ययोजना अनुमोदन गर्ने, तथा सबै १८ वडामा कार्यान्वयन अनुगमन गर्ने, यसले बालविवाह तथा दाइजो अभ्यासविरुद्ध कानुन कार्यान्वयन गर्न राजनीतिक प्रतिबद्धता र वातावरण प्रदान गर्ने । |
| | न्यायिक समिति | न्यायिक समिति लैङ्गिक हिंसा सम्बन्धी विवाद समाधानका लागि प्राथमिक स्थानीय न्याय संयन्त्रको रूपमा काम गर्ने, समुदाय स्तरभन्दा माथि पुगेका घटनाहरू सम्बोधन गर्ने, पीडितलाई नगरपालिका स्तरको न्यायमा पहुँच सुनिश्चित गर्ने, कानुनी प्रावधान कार्यान्वयन गर्ने, पीडितको अधिकार सुरक्षित गर्ने तथा आवश्यक परे प्रहरी तथा अदालतसँग समन्वय गर्ने, अनौपचारिक सामुदायिक समाधानलाई औपचारिक न्याय प्रणालीसँग जोड्ने । |
| | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमका लागि प्राविधिक तथा कार्यगत फोकल पर्सनको रूपमा काम गर्ने, जनचेतना अभियान सञ्चालन गर्ने, |

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | पीडितलाई रेफरल सेवा मार्फत सहयोग गर्ने तथा नगरपालिका योजनामा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण दृष्टिकोण सुनिश्चित गर्ने, NGO/INGO, विद्यालय तथा स्वास्थ्य संस्थासँग समन्वय गर्दै महिला, बालबालिका तथा सीमान्तकृत समूहका लागि लक्षित हस्तक्षेपहरू कार्यान्वयन गर्ने । |
| | वडा कार्यालयहरू | लैङ्गिक हिंसा रोकथाम तथा प्रत्युत्तरका लागि अग्रपंक्तिको संस्थाको रूपमा काम गर्ने, आमा समूह, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, आमा समूह, युवा क्लब, न्यायिक समिति जस्ता सामुदायिक संरचना परिचालन गर्ने तथा वडा स्तर जनचेतना तथा उजुरी संयन्त्रलाई सहज बनाउने, विवाह तथा जन्म दर्ता गर्ने, कानुनी उमेर सुनिश्चित गर्ने, तथा वडा स्तर बजेटमा लैङ्गिक हिंसा रोकथामलाई प्राथमिकतामा राख्ने, पीडितले सहयोग खोज्दा पहिलो सम्पर्क बिन्दुको रूपमा वडा कार्यालय कार्य गर्ने र आवश्यकताअनुसार मार्गनिर्देशन गर्ने । |
| | प्रहरी | प्रहरीले कानुन कार्यान्वयन, उजुरी दर्ता तथा पीडितको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने, लैङ्गिक हिंसा घटनाको अनुसन्धान गर्ने, बालविवाह तथा दाइजोसम्बन्धी कानुन कार्यान्वयन गर्ने, तथा एकद्वार संकट व्यवस्थापन केन्द्र तथा सुरक्षित आवासमा रेफरल दिने, प्रहरी अधिकारीहरूले पीडित– |



बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३

कल्पना कुमारी कटुवाल नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | संवेदनशील दृष्टिकोण अपनाउने, न्यायिक समितिसँग समन्वय गर्ने, तथा समुदाय र न्याय प्रणालीबीच विश्वास सुदृढ गर्ने । |
| | स्वास्थ्य संस्था | स्वास्थ्य संस्था (एकद्वार संकट व्यवस्थापन केन्द्र सहित) ले लैङ्गिक हिंसा पीडितलाई स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श तथा सुरक्षित आवास उपलब्ध गराउने, गोपनीयता सुनिश्चित गर्ने, तथा पीडित–केन्द्रित सेवाहरू सुनिश्चित गर्ने, स्वास्थ्यकर्मीहरूले जनचेतना कार्यक्रम सञ्चालन गर्ने, नियमित स्वास्थ्य जाँचमा लैङ्गिक हिंसा स्क्रीनिङ गर्ने तथा आवश्यक परे प्रहरी वा न्यायिक समितिमा रेफर गर्ने । |
| | विकासका साझेदार संस्था र अन्य अन्तर्राष्ट्रिय दातृ निकाय | नगरपालिकाका अभियानमा सहायक भूमिकामा रहने, जनचेतना अभियान सञ्चालन गर्ने, व्यावसायिक तालिम दिने, अपाङ्गता भएका व्यक्तिलाई सहयोग गर्ने तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समावेशीकरणका लागि वकालत गर्ने, सेवा तथा सहयोग प्रणालीमा भएका कमजोरीहरूको पहिचान गरी आवश्यक सुधारात्मक कदम चाल्ने, समुदायका हानिकारक मान्यतालाई चुनौती दिने अभियान सञ्चालन गर्ने, अनुगमन, वकालत तथा क्षमता अभिवृद्धिमा सहयोग गरी लैङ्गिक हिंसा हस्तक्षेपलाई जवाफदेही तथा दिगो बनाउन नगरपालिका सँग सहकार्य गर्ने, DDRC, People in Need (PIN) लगायत विकास |



बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३

नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | साझेदारहरूले जिल्ला तथा प्रदेश स्तरमा प्राविधिक सहयोग, स्रोत तथा समन्वय प्रदान गर्ने, नगरपालिकाको पहललाई प्रादेशिक/राष्ट्रिय मापदण्डसँग समायोजन गर्न सहयोग गर्ने, सुशासन तथा स्रोत परिचालन सुनिश्चित गर्ने, वहुक्षेत्रीय सहकार्य सुनिश्चित गर्ने । |

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner

## आर्थिक स्रोत परिचालन

लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाको दिगोपनका लागि नगरपालिकाले आफ्ना आन्तरिक स्रोतबाट, बाह्य स्रोत परिचालन तथा विकास साझेदारहरूसँग लागत—साझेदारी गर्नु पर्छ, जसले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमलाई पाँच वर्षको अवधिमा पर्याप्त रूपमा पारदर्शी र दिगो बनाउन मद्दत गर्छ ।

## अनुमानित बजेट सारांश (५ वर्ष)

लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाको कुल अनुमानित बजेट पाँच वर्षका लागि जनचेतना अभियान, पीडित केन्द्रित सेवा, संस्थागत सुदृढीकरण, समन्वय संयन्त्र तथा अनुगमन प्रणालीलाई समेट्ने गरी संरचित गरिएको छ । अनुमानित बजेटलाई चरणबद्ध रूपमा विनियोजन गर्दा पाँच वर्षमा करिब रु १५ लाख रहनेछ ।

वर्ष १-२: संस्थागत संरचना स्थापना, जनचेतना अभियान, तालिम तथा रेफरल मार्ग स्थापना ।

वर्ष ३-४: पीडित सेवाहरू विस्तार, सामुदायिक संरचना विस्तार, तथा नगरपालिका प्रणाली सुदृढीकरण

वर्ष ५: दिगोपन उपाय तथा अन्तिम मूल्याङ्कन ।

आर्थिक स्रोत मुख्यतः नगरपालिका बजेट विनियोजन, बाह्य स्रोत परिचालन र **Cost Sharing** तथा साझेदारीबाट प्राप्त हुनेछ ।

| नगरपालिका बजेट विनियोजन | बाह्य स्रोत परिचालन | Cost Sharing तथा साझेदारी |
|---|---|---|
| वरहथवा नगरपालिकाले संस्थागत स्वामित्व सुनिश्चित गर्न वार्षिक बजेटको निश्चित प्रतिशत लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि छुट्याउनुपर्नेछ ।<br>• सामाजिक विकास बजेटको कम्तीमा ५-७% महिला, बालबालिका तथा सीमान्तकृत समूहका लागि गरिनेछ । | नगरपालिकाको स्रोतलाई समपूरक बनाउन प्रदेश सरकार, संघीय मन्त्रालय, राष्ट्रिय योजना आयोग तथा विकास साझेदारबाट बाह्य वित्तीय सहयोग परिचालन गरिनेछ ।<br>• प्रदेश सरकार (मधेश): प्रादेशिक लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रमसँग मेल खाने | लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाले सबै सरोकारवालाहरूबीच साझा जिम्मेवारीलाई जोड दिँदै प्रभाव तथा दिगोपन अभिवृद्धि गर्नेछ ।<br>• विकासका साझेदार संस्था र अन्य अन्तर्राष्ट्रिय दातृ निकायः जनचेतना अभियान तथा सशक्तिकरण कार्यक्रम । |



वरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय वरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| • वडा स्तर बजेटमा जनचेतना अभियान, सामुदायिक परिचालन तथा पीडित सहयोगका लागि विशेष विनियोजन गरिनेछ । <br>• पारदर्शी बजेटिङ तथा सहभागितामूलक अनुगमन उपकरण (सार्वजनिक सुनुवाइ) प्रयोग गरेर स्रोतको उपयोगमा जवाफदेहिता सुनिश्चित गरिनेछ । | कार्यक्रमका लागि सहयोग । <br>• संघीय मन्त्रालय (महिला, बालबालिका तथा ज्येष्ठ नागरिक स्वास्थ्य शिक्षा): सेवा तथा प्रतिकार्य कार्यक्रम, स्वास्थ्य संस्था, तथा शिक्षा कार्यक्रमका लागि प्राविधिक तथा वित्तीय सहयोग । <br>• विकास साझेदारः विशेषज्ञ सहयोग, जनचेतना अभियान, सशक्तिकरण कार्यक्रम, सुरक्षित आवास तथा अनुगमन प्रणालीका लागि अनुदान र प्राविधिक सहयोग । | • निजी क्षेत्र: सामाजिक उत्तरदायित्व योगदानमार्फत सुरक्षित आवास, किशोरीका लागि छात्रवृत्ति तथा सामुदायिक कार्यक्रम । <br>• सामुदायिक योगदानः महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू, आमा समूह, युवा क्लब, न्यायिक समिति तथा स्थानीय नेताबाट जनचेतना तथा परिचालनमा स्वेच्छिक सहयोग । <br>• विद्यालय तथा स्वास्थ्य संस्थासँग साझेदारीः तालिम, जनचेतना कार्यक्रम तथा पीडित-संवेदनशील सेवा प्रवाहमा साझेदारी । |

यो बजेट ढाँचाले बरहथवा नगरपालिकामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यलाई वित्तीय रूपमा व्यावहारिक, स्थानीय स्वामित्वयुक्त तथा विविध साझेदारीद्वारा समर्थित बनाउनेछ, जसले नगरपालिकाको प्रणाली तथा सामुदायिक संरचनामा दिगोपनलाई संस्थागत गर्नेछ ।

## ११. अनुगमन, मूल्याङ्कन, जवाफदेहिता तथा सिकाइ (MEAL)

अनुगमन, मूल्याङ्कन, जवाफदेहिता तथा सिकाइ ढाँचाले लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्न मद्दत गर्नेछ र लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यलाई सुदृढ पार्न टेवा पुऱ्याउनेछ। यसलाई बरहथवा नगरपालिकाका सबै १८ वडामा पारदर्शिता, जवाफदेहिता तथा अनुकूल व्यवस्थापन प्रवर्द्धन गर्न बनाइएको हो। तल दिइएको तालिका नमूनाको लागि मात्र हो।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३

कल्पना कुमारी कटुवाल नगर प्रमुख



Scanned with CamScanner

| अपेक्षित परिणाम | सूचक | | कसरी मापन गर्ने | तथ्यांक संकलन | | प्रतिवेदन तालिका | जिम्मेवारी |
|---|---|---|---|---|---|---|---|
| | Baseline | Target | | स्रोत | विधि | | |
| प्रमाण-आधारित योजना तथा अनुगमन प्रणालीको विकास | • सबै १८ वडामा कार्यशील लैङ्गिक हिंसा focal point स्थापना।<br>• दलित, अपाङ्गता भएका व्यक्तिहरू तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यक<br>• समुदायलाई कम्तीमा ८०% नगरपालिका योजना प्रक्रियामा समावेश। | | | फोटो तथा भिडियो, प्रगति प्रतिवेदन | फिल्ड अनुगमन, तथ्याङ्क सङ्कलन, सरोकारवाला सँग अन्तर्वार्ता, KII | •त्रैमासिक प्रतिवेदन: वडा कार्यालय तथा सेवा प्रदायकहरूले नगरपालिका समक्ष प्रगति प्रतिवेदन बुझाउने।<br>• अर्धवार्षिक समीक्षा: नगरपालिका कार्यकारी तथा न्यायिक समितिले कार्यान्वयन प्रगति समीक्षा गर्ने तथा खाडल सम्बोधन गर्ने।<br>• वार्षिक प्रतिवेदन: नगरपालिका स्तरको व्यापक प्रतिवेदन प्रादेशिक निकाय, DDRC, तथा विकास साझेदारसँग साझा | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) Focal Person |



बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७१

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | गर्ने।<br>• मध्यावधि मूल्याङ्कन (वर्ष ३): स्वतन्त्र समीक्षा गरी प्रगति, चुनौती, तथा आवश्यक परिमार्जन पहिचान गर्ने।<br>• अन्तिम मूल्याङ्कन (वर्ष ५): समग्र प्रभाव, दिगोपन, तथा सिकाइ मूल्याङ्कन गर्ने। | |

## ११. जोखिम विश्लेषण तथा न्यूनीकरण उपायहरू

योजना कार्यान्वयनका क्रममा आवश्यक सावधानी अपनाए पनि विभिन्न प्रकारका चुनौती तथा जोखिमहरू उत्पन्न हुन सक्ने सम्भावना रहन्छ। त्यसैले सम्भावित जोखिमहरूको समयमै पहिचान, विश्लेषण तथा तिनको प्रभाव न्यूनीकरणका लागि उपयुक्त उपायहरूको निर्धारण र कार्यान्वयन अत्यन्त आवश्यक मानिन्छ।

| स्रोत | हुन सक्ने जोखिम | न्यूनीकरण उपायहरू |
|---|---|---|
| सामाजिक तथा सांस्कृतिक प्रतिरोध | बालविवाह, दाइजो तथा घरेलु हिंसासँग सम्बन्धित हानिकारक सामाजिक मान्यता र अभ्यासहरूले परम्परागत | परम्परागत अगुवाहरू, अभियन्ता तथा सामुदायिक प्रभावशाली व्यक्तिलाई जनचेतना अभियानमा संलग्न गर्ने, दाइजोमुक्त |



बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | अन्धविश्वास, परिवार तथा समुदायबाट प्रतिरोध उत्पन्न गर्न सक्छन्। | विवाहका लागि प्रोत्साहन दिने, युवा क्लब तथा आमा समूहलाई सुदृढ बनाउँदै समुदायभित्रै हानिकारक अभ्यासलाई चुनौती दिने। |
| कलङ्क, प्रतिशोधको डर वा न्याय प्रणालीप्रति विश्वासको अभाव | उजुरीमा कमी, न्याय प्रणालीमा पहुँचको कमी | वडास्तरमा गोपनीय रिपोर्टिङ संयन्त्र स्थापना गर्ने; सुरक्षित आवास, मनोसामाजिक परामर्शजस्ता पीडितकेन्द्रित सेवाहरू विस्तार गर्ने; गोपनीयतामा जोड दिँदै जनचेतना अभियान सञ्चालन गर्ने; प्रहरी तथा न्यायिक समितिलाई पीडित-संवेदनशील दृष्टिकोणमा तालिम दिने। |
| कमजोर संस्थागत क्षमता | नगरपालिका तथा वडा कार्यालयमा प्रशिक्षित जनशक्ति, स्रोत तथा प्रणालीको अभावका कारण लैङ्गिक हिंसा सम्बन्धी अभियान प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने। | लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण (GEDSI) focal person नियुक्त गर्ने; प्रहरी, शिक्षक, स्वास्थ्यकर्मी तथा वडा अधिकारीलाई निरन्तर तालिम दिने; नगरपालिका बजेट तथा विकास योजनामा लैङ्गिक हिंसा रोकथामलाई एकीकृत गर्ने; अनुगमन तथा जवाफदेहिता प्रणाली सुदृढ गर्ने। |
| स्रोत तथा बजेट अभाव | | संघ तथा प्रदेश सरकार र विकास साझेदारमार्फत बाह्य स्रोत परिचालन गर्ने तथा लागत-प्रभावकारी हस्तक्षेपलाई प्राथमिकता दिने। |
| राजनीतिक अस्थिरता तथा नीतिगत परिवर्तन | नगरपालिकाको नेतृत्व वा राजनीतिक प्राथमिकतामा हुने परिवर्तनले लैङ्गिक हिंसा | GBV रोकथामलाई नगरपालिका संरचनाभित्र संस्थागत गर्ने, नगरपालिका नीति तथा बजेटमा लैङ्गिक समानतालाई प्राथमिकतामा |



बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | कार्यक्रमको निरन्तरता अवरुद्ध हुन सक्छ। | राख्ने, र राजनीतिक परिवर्तन भए पनि हस्तक्षेपलाई दिगो बनाउन सामुदायिक स्वामित्व सुदृढ गर्ने। |
| तथ्याङ्क अभाव तथा कमजोर अनुगमन | विश्वसनीय र एकीकृत तथ्याङ्कको अभावले प्रमाण-आधारित योजना तथा जवाफदेहिता प्रणाली कमजोर बनाउँछ। | नगरपालिकाले डाटाबेस विकास गर्ने, वडा फोकल पर्सनलाई तथ्याङ्क संकलन तथा प्रतिवेदनमा तालिम दिने, वार्षिक समीक्षा तथा मध्यावधि मूल्याङ्कन गर्ने, र सिकाइलाई अनुकूल व्यवस्थापन प्रक्रियामा समायोजन गर्ने। |

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

**१२. सुरक्षा, लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण तथा नैतिक पक्षहरू (Safeguarding, GEDSI and Ethical Considerations):**

लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाले यसका सबै कार्यक्रमहरूमा सुरक्षा, समावेशीता र नैतिक अभ्यासहरूको उच्चतम मापदण्डअनुसार कार्यान्वयन हुने सुनिश्चिततामा प्रतिवद्धता व्यक्त गर्दछ। यसले लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यका लागि पीडितकेन्द्रित र अधिकारमा आधारित दृष्टिकोणको आधारस्तम्भको रूपमा काम गर्नेछ।

- **सुरक्षा नीति कार्यान्वयन**

लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजना अन्तर्गत रहेका सम्पूर्ण क्रियाकलापहरू सञ्चालन गर्दा सुरक्षा नीतिहरूलाई पूर्ण कडाईका साथ पालना गरिनेछ । जसले व्यक्तिहरु विशेषगरी महिला, वालवालिका र सीमान्तकृत समूहलाई कार्यक्रम कार्यान्वयनको समयमा हुनसक्ने  शोषण, दुर्व्यवहार र उपेक्षावाट वचाउन महत्वपूर्ण भूमिका खेल्नेछ । कर्मचारी, स्वयम् सेवक तथा साझेदारहरूलाई सुरक्षा सम्बन्धी सिद्धान्तहरूमा तालिम प्रदान गरिनेछ । साथै,स्पष्ट आचारसंहिता र उजुरी तथा प्रतिवेदन संयन्त्रको व्यवस्था गरिनेछ । अनुपालन र जवाफदेहिताको सुनिश्चितताका लागि नियमित रूपमा सुरक्षा परिक्षण (Safeguarding Audit) सञ्चालन गरिनेछ ।

- **पीडितको गोपनीयता**

लैङ्गिकताको आधारमा हुने हिंसाका घटनामा पीडितले सुरक्षित महसुस गरी सहज रूपमा उजुरी दिन सक्ने वातावरण सुनिश्चित गर्न गोपनीयता अत्यन्तै महत्वपूर्ण हुन्छ । त्यसैले पीडितसम्बन्धी सबै जानकारी कडा गोपनीयता मापदण्ड अनुसार सुरक्षित रूपमा राखिनेछ र पीडितको स्पष्ट सहमति विना निजको व्यक्तिगत विवरण कुनैपनि संस्था तथा व्यक्तिलाई साझा गरिने छैन । घटना व्यवस्थापन प्रणालीमा पीडितको सम्मान, सुरक्षा र आफैं निर्णय तथा छनौट  गर्ने अधिकारलाई प्राथमिकता दिइनेछ । साथै, प्रहरी, स्वास्थ्यकर्मी तथा गैरसरकारी संस्थासहित सबै सेवा प्रदायकहरूलाई पीडितलाई फेरि मानसिक पीडा नपुग्ने गरी संवेदनशील र सम्मानजनक व्यवहार गर्न आवश्यक तालिम र मार्गदर्शन प्रदान गरिनेछ ।

- **सीमान्तकृत समूहहरूको समावेशीकरण**

दलित समुदाय, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय तथा अन्य सीमान्तकृत समूहहरूको विशेष आवश्यकताहरू सम्वोधन गर्ने उद्देश्यका साथ लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाले लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक



बरहथवा नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

समावेशीकरणका सिद्धान्तहरूलाई कार्यान्वयनमा समेट्नेछ । यी समूहहरूको प्रतिनिधित्वलाई नगरस्तरीय योजना, बजेटिङ तथा अनुगमन प्रक्रियामा संस्थागत गरिनेछ । सेवाहरूलाई सबैका लागि पहुँचयोग्य, सांस्कृतिक रूपमा संवेदनशील र बहुआयामिक जोखिमहरू (Intersectional vulnerabilities)प्रति उत्तरदायी बनाइनेछ, जसले संरक्षण र सहयोगबाट कुनै पनि व्यक्ति वञ्चित नहोस् भन्ने सुनिश्चितता गर्नेछ ।

- **बाल संरक्षण मापदण्डहरू**

बालबालिका तथा किशोरकिशोरीहरू लैङ्गिकतामा आधारित हिंसाका दृष्टिले विशेषगरी बालविवाह र यौन शोषणजस्ता सन्दर्भहरूमा सबैभन्दा बढी संवेदनशील समूहहरूमध्ये पर्दछन् । यसलाई ध्यानमा राख्दै लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ढाँचासँग मेल खाने बाल संरक्षण मापदण्डहरू अवलम्बन गर्नेछ । र, विद्यालय, समुदाय तथा सेवा केन्द्रहरूमा सुरक्षित वातावरण सुनिश्चित गर्नेछ । शिक्षक, महिला सामुदायिक स्वास्थ्य स्वयम् सेविका र वडा तहका जिम्मेवार व्यक्तिहरूलाई जोखिम पहिचान गर्न, उपयुक्त रूपमा प्रतिकार्य गर्न र बाल संरक्षण समितिहरुमा घटनाहरु पठाउन (रेफर गर्न) आवश्यक तालिम प्रदान गरिनेछ । साथै, सचेतनामूलक अभियानमार्फत बालबालिकाको सुरक्षा, शिक्षा र सम्मानपूर्वक बाँच्ने अधिकारलाई जोड दिईनेछ । कम उमेरमा हुने विवाह रोक्न विवाह दर्ता सम्वन्धी कानुनको कडाईका साथ कार्यान्वयन गरिनेछ ।

## १३ . कार्यक्रमको दिगोपना र बहिर्गमन रणनीतीहरू

लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनाको दिगोपना र बहिर्गमन रणनीतिहरू यसको कार्यान्वयनको पाँच वर्षको अवधि समाप्त भएपछि पनि लैङ्गिकतामा आधारित हिंसाको रोकथाम तथा प्रतिकार्यका व्यवस्थाहरू प्रभावकारी, समावेशी र स्थानीय स्वामित्वमा रहने गरी तयार गरिएको छ । यस रणनीतिले लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रमहरूलाई नगरपालिकाको नियमित कार्यक्रम भित्र समेटी दिगो बनाउने उद्देश्य राखेको छ । यसका लागि संस्थागत व्यवस्था, क्षमता हस्तान्तरण र नीतिगत प्रभावकारी कार्यान्वयनलाई प्राथमिकता दिइएको छ ।

बरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय बरहथवा, सर्लाही मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

- **स्थानीय सरकार प्रणाली भित्र संस्थागत व्यवस्था**

लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजनालाई नगरपालिकाको विद्यमान शासकीय संरचनामा समावेश गरिनेछ, जसले लैङ्गिक हिंसाको रोकथाम तथा प्रतिकार्यलाई अस्थायी परियोजनाका रूपमा नभई नगरपालिकाको नियमित र अनिवार्य जिम्मेवारीका रूपमा स्थापित गर्नेछ । नगर तथा वडा तहमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण )GEDSI) फोकल व्यक्तिहरूको व्यवस्था गरिनेछ, र लैङ्गिक हिंसा सम्बन्धी प्राथमिकताहरूलाई वार्षिक योजना, वजेट र अनुगमन प्रक्रियामा समेटिनेछ । न्यायिक समिति र वडा कार्यालयहरूले पीडितसंवेदनशील –अभ्यासहरूलाई संस्थागत गर्नेछन् भने नगरपालिकाका नीति तथा कार्यक्रमहरूले लैङ्गिकताका आधारमा हुने हिंसाका प्रतिकार्यलाई समग्र विकास प्रक्रियासँग जोड्नेछन् । यस प्रकारको संस्थागत व्यवस्थाले राजनीतिक परिवर्तन वा बाह्य सहयोगमा हुने उतारचढावका बावजुद पनि कार्यक्रमको निरन्तरता सुनिश्चित गर्नेछ ।

- **क्षमता हस्तान्तरण**

कार्यक्रमको दिगोपनाका लागि स्थानीय निकाय तथा संस्थाहरू र समुदायका सरोकारवाला व्यक्तिहरूलाई प्राविधिक क्षमता हस्तान्तरण गरिनेछ । प्रहरी, शिक्षक, स्वास्थ्यकर्मी, वडा तहका कर्मचारी तथा सामुदायिक अगुवाहरूका लागि सञ्चालन गरिने तालिम कार्यक्रमहरूले आवश्यक सीप र ज्ञान नगरपालिकाभित्र नै रहिरहने सुनिश्चित गर्नेछ । समुदाय स्तरका संरचनाहरू जस्तै आमा समूह, युवा क्लव तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई लैङ्गिकतामा आधारित हिंसा विरुद्ध सचेतना अभिवृद्धि अभियानहरू र रोकथामका गतिविधिहरू स्वतन्त्र रूपमा सञ्चालन गर्न सक्षम बनाइनेछ । गैरसरकारी संस्था तथा विकास साझेदारहरूले विस्तारै प्रत्यक्ष सेवा प्रवाहबाट प्राविधिक सहयोगतर्फ आफ्नो भूमिकालाई रुपान्तरण गर्नेछन्, जसले नगरपालिकाका निकायहरूलाई लैङ्गिक हिंसा सम्बन्धी कार्यक्रमको पूर्ण स्वामित्व लिन सक्षम बनाउनेछ ।

- **नीति कार्यान्वयन संयन्त्र**

विद्यमान कानुन र नीतिहरूको कडाइका साथ कार्यान्वयन यस कार्यक्रमको मुख्य आधार हुनेछ। वालविवाह रोकथामका लागि विवाह दर्ता प्रणालीलाई सुदृढ बनाइनेछ र दाइजोसम्वन्धी हिंसालाई कडाइका साथ अनुगमन तथा अनिवार्य दण्ड जरिवानामार्फत सम्वोधन गरिनेछ।

ईश्वरपुर नगरपालिकाको कार्यालय, ... सर्लाही, मधेश प्रदेश २०७३



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

पारदर्शी बजेटको प्रयोग र सार्वजनिक सुनुवाइ जस्ता सहभागिमूलक अनुगमन विधिहरूबाट स्रोतको सही उपयोग र जवाफदेहिता सुनिश्चित गरिनेछ। सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाज संगठन तथा प्रदेशस्तरीय जिम्मेवार निकायबीच निरन्तर समन्वयका लागि समन्वय समितिलाई संस्थागत गरिनेछ। नियमित परीक्षण र मूल्याङ्कनले नीति कार्यान्वयनलाई थप बल प्रदान गर्नेछ र समुदायमा विश्वासको वातावरण निर्माण गर्नेछ।

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्यलाई नगरपालिकाको प्रणालीमा समावेश गर्दै स्थानीय सरोकारवालामा क्षमता अभिवृद्धि गरिनेछ। पाँच वर्षे एकीकृत कार्ययोजनाले कार्यान्वयन पश्चात पनि यसको प्रभाव दीगो रूपमा कायम रहने लक्ष्य राखिएको छ। यसरी वरहथवा नगरपालिकाको स्वामित्वमा रहेका सबै संरचनाहरूको सुरक्षा, समावेशीता र सामाजिक रूपान्तरणलाई निरन्तर अगाडि बढाउन यो संयन्त्र सक्षम हुनेछ।

## १४. निष्कर्ष:

वरहथवा नगरपालिकामा लैङ्गिकतामा आधारित हिंसा रोकथाम र प्रतिकार्यका लागि तयार गरिएको लैङ्गिक हिंसा निवारणका लागि पाँच वर्षे एकीकृत कार्यान्वयन योजना सुरक्षित, समावेशी र समतामुलक समाज निर्माणतर्फको एक महत्वपूर्ण कदम हो । संवैधानिक अधिकार, राष्ट्रिय रणनीति, प्रदेशीय ढाँचा र अन्तर्राष्ट्रिय प्रतिवद्धतामा आधारित यस योजनाले लैङ्गिक हिंसा सम्वन्धी गहिरो र जरा गाडेका चुनौतीहरू रोकथाम, पीडित केन्द्रित सेवा, संस्थागत सुदृढीकरण, समन्वय र जवाफदेहिता मार्फत सम्वोधन गर्ने स्पष्ट रोडम्याप प्रदान गर्दछ । किशोरकिशोरी, महिला, दलित, अपाङ्गता भएका व्यक्ति र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायलाई प्राथमिकतामा राख्दै यस योजनाले सवैभन्दा सीमान्तकृत समूहहरू पछाडि नछुट्ने कुराको सुनिश्चितता गर्दछ ।यस योजनाले रणनीतिक स्तम्भहरू, मार्गदर्शन सिद्धान्तहरू र स्पष्ट संस्थागत व्यवस्थामार्फत तत्कालीन क्रियाकलाप र दीर्घकालीन दिगोपन दुवैमा जोड दिएको छ । यसले हानिकारक सामाजिक मान्यताहरूलाई रूपान्तरण गर्ने, गुणस्तरीय सेवाहरूको पहुँच विस्तार गर्ने, नगरपालिका तथा वडा तहको शासन प्रणाली सुदृढ गर्ने र जवाफदेहिता सुनिश्चित गर्ने संयन्त्रहरू संस्थागत गर्ने लक्ष्य राखेको छ । सुरक्षा, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण र नैतिक पक्षहरूको एकीकृत

वरहथवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय वरहथवा, सर्लाही



कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

समावेशिताले हस्तक्षेपहरू प्रभावकारी मात्र नभई सम्मानजनक, समावेशी र पीडितको मर्यादाप्रति संवेदनशील हुने कुराको सुनिश्चितता गर्दछ ।

पाँच वर्षमा यस योजनाबाट बालविवाह र दाइजोसम्वन्धी हिंसा घट्ने, पीडितको न्याय र स्वास्थ्य प्रणालीप्रति विश्वास बढ्ने र समुदायको लैङ्गिक हिंसा रोकथाममा सक्रिय सहभागिता वृद्धि हुने अपेक्षा गरिएको छ । लैङ्गिक हिंसा अन्त्य सम्वन्धी कृयाकलापहरु स्थानीय सरकारको नियमित वार्षिक कार्यक्रममा समावेश, समुदायका सरोकारवाला निकायहरुमा क्षमता हस्तान्तरण र नीतिलाई पारदर्शितासहित कार्यान्वयन गरेर बरहथवा नगरपालिका मधेश प्रदेशमा दिगो र समावेशी सम्वन्धी उदारणीय नगरपालिका वन्नेछ ।

यो एकीकृत कार्यान्वयन योजना आफैंमा केवल एक योजना मात्र नभई न्याय, समानता र मर्यादित जीवन प्रति सवैको साझा प्रतिवद्धता हो । यसको सफल कार्यान्वयनका लागि सरकारी निकाय, वडा कार्यालय, प्रहरी,स्वास्थ्य संस्था, गैरसरकारी संस्था, नागरिक समाज र समुदाय स्वयंको आपसी साझेदारी र प्रतिवद्धता आवश्यक छ । यी सवै मिलेर लैङ्गिक हिंसा रोकथाम र प्रतिकार्यलाई नीतिमा मात्र नभई समुदायमा वास्तविक रुपमा परिवर्तन गर्न सकिन्छ, जसले नगरपालिका भित्रका प्रत्येक व्यक्तिलाई हिंसा र भेदभावविना सुरक्षित र सम्मानजनक जीवन वाँच्ने अवसर दिनेछ ।

बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
मधेश प्रदेश

कल्पना कुमारी कटुवाल
नगर प्रमुख



Scanned with CamScanner